मिति : २०७७।११।२१ गते

समय : विहान १०:०० बजे

स्थान : चौरजहारी नगरपालिकाको कार्यालय

आज मिति २०७७।११।२१ गते यस चौरजहारी नगरपालिका नगर शिक्षा समितिका अध्यक्ष तथा नगर प्रमुख श्री बिशाल शर्माज्यूको अध्यक्षतामा नगर शिक्षा समितिको बैठक बसी तपशिलका सदस्यहरु तथा व्यक्तिहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

श्री विशाल शर्मा – अध्यक्ष

श्री राम बहादुर के.सी. – सदस्य

श्री गोपाल भण्डारी– सदस्य

श्री देवी खड्का –सदस्य

श्री सपना कार्कि– सदस्य

श्री भिम बहादुर ओली– सदस्य

श्री यदु राना– सदस्य

श्री सुदास स्वर्णकार– सदस्य

श्री सुनिता डाँगी ओली –सदस्य

श्री यामराज मल्ल –सदस्य

श्री दिलिप कुमार सोनी –सदस्य सचिव

आमन्त्रित

श्री राधा रोका उपप्रमुख

श्री टिकाजंग ओली प्राविधिक सहायक

श्री

## प्रस्तावहरु

प्रस्ताव नं. १:- नगर प्रमुख कप तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना तथा सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं. २:- कक्षा ५ र कक्षा ८ तथा अन्य कक्षाहरु (१, २, ३, ४, ६, ७, ९) को वार्षिक परीक्षा सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं. ३:- संस्थागत विद्यालय, श्री वालविद्या सदनको कक्षा १० थपको अनुमति सम्बन्धमा।

प्रस्ताव नं. ४:- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान र शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको अनुदान सम्बन्धमा ।

प्रस्ताव नं. ५:- प्रधानाध्यापक नियूक्ति सम्बन्धमा,

प्रस्ताव नं. ६:- विद्यालय व्यवस्थापन समिति विघटन सम्बन्धमा,

प्रस्ताव नं. ७:- श्री जनकल्याण माध्यमिक विद्यालय सानाखोलाको आधारभुत तह (६-८), राहत दरबन्दीमा विषय परिवर्तन सम्बन्धमा,

प्रस्ताव नं. ८:- विविध सम्बनधमा ।

## निर्णयहरु

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ मा व्यापक छलफल गर्दा शैक्षिक सत्र २०७७ मा हुने चौथो नगरप्रमुख कप तथा राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता विविध कारणबस समयमै आयोजना तथा सञ्चालन गर्न नसकिएकोले सोको आयोजना तथा सञ्चालन गर्न तपशिलको नगरस्तरीय नगरप्रमुख कप तथा राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति तथा अन्य उपसमितिहरु गठन गर्ने र सो समिति तथा उपसमितिहरुले चौथो नगरप्रमुख कप तथा राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता मिति २०७७ चैत्र ११, १२, १३ र १४ गते चौरजहारी नगरपालिका वडा नं. २ स्थित रङ्गशालामा अन्तर विद्यालयस्तरीय आधारभुत तह १-५, आधारभुत तह ६-८, माध्यमिक तह ९-१२, को आधारमा तपशिलका खेलहरु तहगत रुपमा समावेश गरी "राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका- २०७० (चौथो संसोधन)" ले तोके बमोजिम आयोजना तथा सञ्चालन गर्ने । साथै यस प्रतियोगितामा सबै विद्यालयहरुको सक्रिय रुपमा सहभागीता गराउने निर्णय गरियो।

नगरप्रमुख कप तथा राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति

(क) नगर प्रमुख, श्री विशाल शर्मा- संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत, श्री राम बहादुर के. सी. -सदस्य

(ग) वडाध्यक्ष, श्री केशव के. सी. - सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, श्री दिलिप कुमार सोनी- सदस्य

(ङ) नगरपालिका स्थित इलाका प्रहरी कार्यालयको प्रहरी प्रमुख, श्री कृष्ण डाँगी- सदस्य

(च) शिक्षक, श्री यदु राना, श्री शीतल माध्यमिक विद्यालय चौ.न.पा., २ - सदस्य

(छ) शिक्षक, श्री यामराज मल्ल श्री वालविद्या सदन विद्यालय चौ.न.पा. - सदस्य

(ज) नगरशिक्षा समिति सदस्य, श्री सपना कार्कि - सदस्य

(झ) नगर शिक्षा समिति सदस्य, श्री देवी खड्का - सदस्य

(ञ) पूर्व खेलाडीहरु तथा खेल प्रेमी, श्री लिला ढकाल - सदस्य

(ट) पूर्व खेलाडीहरु तथा खेल प्रेमी, श्री सुदास स्वर्णकार - सदस्य

(ठ) पूर्व खेलाडीहरु तथा खेल प्रेमी, श्री महेश स्वर्णकार - सदस्य

(ड) शिक्षा, युवा तथा खेलकुद शाखा प्राविधिक सहायक, श्री टिकाजंग ओली- सदस्य सचिव

खेलहरु

<u>माध्यमिक तह (९-१२)</u>

१. भलिबलः- छात्र र छात्रा

२. एथलेटिक्सः-

(क) ट्र्याक तर्फः- दौड- छात्रः १०० मिटर/२०० मिटर/३००० मिटर/४×१०० मिटर
छात्राः१०० मिटर/२०० मिटर/१५०० मिटर/४×१०० मिटर

(ख) फिल्ड तर्फः-छात्र- लङ्जम्प, हाइजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम र सटफुट १२ पाउन्ड
छात्रा- लङ्जम्प, हाइजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटफुट ८ पाउन्ड

<u>आधारभुत तह (६-८)</u>

१. एथलेटिक्सः-

(क) ट्र्याक तर्फः- दौड- छात्रः १०० मिटर/२०० मिटर/४×१०० मिटर
छात्राः १०० मिटर/२०० मिटर/४×१०० मिटर

(ख) फिल्ड तर्फः-छात्र- लङ्जम्प, हाइजम्प
छात्रा- लङ्जम्प, हाइजम्प

<u>आधारभुत तह (१-५)</u>

१. एथलेटिक्सः-

(क) ट्र्याक तर्फः- दौड- छात्रः २०० मिटर र हिसाब दौड -१०० मिटर
छात्राः २०० मिटर र हिसाब दौड-१०० मिटर

निर्णय नं. २ :- प्रस्ताव नं. २ मा व्यापक छलफल गर्दा यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुको कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षा नगरस्तरमा परीक्षा समितिको व्यवस्थापन तथा निर्देशन अनुसार सञ्चालन गर्ने तथा सबै विद्यालय तथा कक्षाहरुको परीक्षामा एकरुपता ल्याउन अन्य कक्षा (१,२, ३, ४, ६, ७, ९) हरुको वार्षिक परीक्षा पनि कक्षा ५ र ८ को वार्षिक परीक्षा सँगै नगरपालिकाबाटै पक्षपत्रहरु निर्माण तथा छपाई गरी विद्यालयलाई उपलब्ध गराइ सञ्चालन गर्न लगाउने र सबै कक्षाहरुका प्रश्नपत्र निर्माणका लागि विशिष्टिकरण तालिका अनुसार सबै विद्यालयहरुबाट प्रत्येक विषयहरुको कक्षागत रुपमा एक/एक सेट प्रश्न माग गरी सोही बमोजिम वार्षिक परीक्षाको अन्तिम प्रश्न सेट निर्माण गरी परीक्षा सञ्चालन गर्ने साथै संस्थागत विद्यालयहरुलाई परीक्षा शुल्क वापत कक्षा ५ र ८ का लागि क्रमश रु ५०० र रु ८०० तोक्ने निर्णय गरियो ।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ मा व्यापक छलफल गर्दा संस्थागत विद्यालय श्री बालविद्या सदनले शैक्षिक सत्र, २०७७ मा कक्षा १० थपको अनुमतिका लागि २०७६।०९।२८ मा फाइल पेश गरेकोमा सोको प्रक्रिया शिक्षा ऐन तथा नियमावली (शिक्षा नियमावली २०५९, नियम ३ (१), र नियम १३ तथा नगर शिक्षा नियमावली २०७४ को नियम १७ उपनियमहरु (१), (२) र नियम ५ को उपनियम (२),(३)) बमोजिम समयमै हुनुपर्नेमा विविध कारणबस सोको लागि समय पनि गुज्रिसकेको र सो विद्यालयले कक्षा १० सञ्चालन गरिरहेको र कक्षा १० को वार्षिक परीक्षा (SEE) को परीक्षा आवेदन फाराम समेत भरी सकेको अवस्था रहेको। साथै कोरोना महामारीको कारण विद्यालयहरु पनि ढिला सञ्चालन भएकोले नगर शिक्षा समितिको निर्णय बमोजिम कक्षा थपको लागि अनुमति दिने वा नदिने सम्बन्धमा छलफल गर्दा सो विद्यालयले निवेदन प्रस्ताव समयमै पेश गरेको तर विविध कारणबस निर्णय हुन नसकि अनुमति दिन ढिला भएकोले ऐन नियमावलीमा तोकिएका शर्तबन्देजहरु तथा पूर्वाधार नगर शिक्षा नियमावली २०७४ को नियम (४) (५) र (६) बमोजिम पालना तथा पूरा गरेको भनि प्रतिबद्धता र ताकेता गरेकोले साथै २०७६ चैत्रदेखि कोरोना महामारीको कारण देशमा बन्दाबन्दि भई शैक्षिक क्षेत्रमा पनि पूर्ण रुपमा असहजता ल्याई विद्यालय तथा शैक्षिक संस्थाहरु शैक्षिक सत्रको करिब मध्यसम्म पनि सञ्चालनमा नरही ढिला सञ्चालन भएको र सो कारणले नेपाल सरकारले पनि अब आउने नयाँ शैक्षिक सत्र असारदेखि सुरु गर्ने स्थिति देखिएकोले साथै नगर शिक्षा समितिको बैठक पनि बन्दाबन्दिको कारण २०७६ चैत्रमा बस्न नसकेको मनासिब कारणबस ढिलै भएपनि शैक्षिक सत्र २०७७ को लागि सो विद्यालयलाई कक्षा १० थपको लागि अनुमति दिने निर्णय गरियो।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ मा व्यापक छलफल गर्दा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन र शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा

कार्यक्रमका तपशिलका अनुदानहरु "कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७" बमोजिम तपशिलका विद्यालय तथा सिकाई केन्द्रहरुलाई बजेटको परिधिभित्र रही अनुदान वितरण गर्ने निर्णय गरियो।

१. तोकिएको सूचकांकको आधारमा कार्य सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान
२. शिक्षकको शिक्षण सिकाइमा बिताउने समयावधी सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदान
३. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान (फर्निसिङ, किताब खरिद तथा ई-पुस्तकालय समेत)
४. शिक्षण सिकाइमा ICT को प्रयोगका लागि अनुदान (कम्प्यूटर, इन्टरनेट, कनेक्टिभिटि इक्यूपमेन्टस् तथा Kits खरिदका लागि) अनुदान
५. माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला अनुदान
६. खुला विद्यालय सञ्चालन अनुदान
७. सामुदायिक सिकाई केन्द्र सञ्चालन अनुदान

| क.स. | अनुदानको शिर्षक तथा क्रियाकलाप | विद्यालयको नाम, ठेगाना | विद्यालय संख्या | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | तोकिएको सुचाङ्कको आधारमा कार्य सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | श्री जनप्रिय आ वि लामिछानेगाउँ, | ३ | प्रति विद्यालय ५०,०००।- | |
| | | श्री मालिका आ.वि. अमलाटाकुरा, | | | |
| | | श्री आवि भुवाटाकुरा | | | |
| २ | शिक्षकको शिक्षण सिकाइमा बिताउने समयावधी सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदान | सबै विद्यालयहरु | ३७ | प्रति विद्यालय २,०००।- | |
| ३ | शिक्षण सिकाईमा ICT को प्रयोग (कम्प्यूटर, इन्टरनेट, कनेक्टिभिटि इक्यूपमेन्टस् तथा Kits खरिदका लागि) अनुदान | श्री जनकल्याण मा. वि. खागल | १ | प्रति विद्यालय ६५०,०००।- | |
| ४ | माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला अनुदान | श्री मा. वि. कोटजहारी | १ | प्रति विद्यालय ६५०,०००।- | |
| ५ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान (फर्निसिङ, किताब खरिद तथा ई-पुस्तकालय समेत) | श्री जनकल्याण मा. वि. सानाखोला | २ | प्रति विद्यालय ६५०,०००।- | |
| | | श्री सरस्वती मा. वि. घरेलीचौर | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | खुला विद्यालय सञ्चालन अनुदान (माध्यमिक) | श्री शीतल मा. वि. चौरजहारी | १ | प्रति विद्यालय १५२,०००।- | |
| ७ | सामुदायिक सिकाई केन्द्र सञ्चालन अनुदान | सञ्चालित सबै सामुदायिक सिकाइ केन्द्रहरु | ३ | सञ्चालन व्यवस्थापनका लागि तथा प्रस्तावका आधारमा बढिगा २ लाख | एउटा सञ्चालनमा नरहेको |

<u>निर्णय नं. ५:-</u> प्रस्ताव नं. ५ मा व्यापक छलफल गर्दा यस नगरपालिकाद्धारा मिति २०७७/०५/२६ गते विभिन्न विद्यालयमा नियुक्त गरिएका प्रधानाध्यापकहरुका विषयमा नियुक्ति खारेजीका लागि उच्च अदालत सुर्खेतमा उत्प्रेषण परमादेश सम्बन्धी रिट दाहर भई सोको फैसला समेत आइसकेको हुँदा, फैसला बमोजिम नियुक्ति बदर गरिएका तपशिल बमोजिमका विद्यालयहरुमा तुरुन्त विज्ञापन गरी प्रधानाध्यापक नियुक्ति प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

<u>तपशिल</u>

१. श्री मालिका आधारभुत विद्यालय अमलाटाकुरा,
२. श्री ज्ञानकुञ्ज आधारभुत विद्यालय कालापाथर,
३. श्री माध्यमिक विद्यालय कोटजहारी,
४. श्री जनकल्याण माध्यमिक विद्यालय खागल,
५. श्री जनज्योती आधारभूत विद्यालय मुलपानी,
६. श्री जनआस्था आधारभूत विद्यालय पुरानापानी,
७. श्री बालकल्याण आधारभूत विद्यालय मुलडाँडा,
८. श्री बालज्योती आधारभुत विद्यालय नाख्ला,
९. श्री सरस्वती माध्यमिक विद्यालय घरेलीचौर,
१०. श्री जनता आधारभूत विद्यालय सिमचौर,
११. श्री जनकल्याण आधारभूत विद्यालय रातामाटा,
१२. श्री जनचेतना आधारभूत विद्यालय तिमीलेपोखरी,

<u>निर्णय नं. ६ :-</u> प्रस्ताव नं. ६ मा व्यापक छलफल गर्दा अनुगमनको क्रममा यस नगरपालिका अन्तर्गत श्री जनकल्याण माध्यमिक विद्यालय सानाखोला र श्री आधारभुत विद्यालय लहरेसिमलको विद्यालय व्यवस्थापन समितिहरुले तोकिएको जिम्मेवारी पुरा नगरेको र विद्यालयका कामकारवाहीहरुप्रति जिम्मेवार नदेखिएको तथा लापरवाहीपूर्ण कार्य गरेकाले नगर शिक्षा ऐन,

२०७४ को दफा २१ बमोजिम उक्त विद्यालयको ... स्पष्टीकरण सोध्ने र
देखिएकाले उक्त समिति विघटन किन नगर्ने ? भन्ने विषयमा लिखित स्पष्टीकरण सोध्ने र
चित्तबुझ्दो जवाफ नआएमा नगर शिक्षा समितिका अध्यक्षले समिति विघटन गर्ने गरी अधिकार
प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ मा व्यापक छलफल गर्दा श्री जनकल्याण माध्यमिक विद्यालय
सानाखोला रुकुम (पश्चिम) को आधारभुत तह (६-८) मा रित्त नेपाली विषयको राहत
दरबन्दीलाई गणित/विज्ञान विषयमा परिवर्तन गर्न उक्त विद्यालय व्यवस्थापन समितिको मिति
२०७७/१०/३० गतेको निर्णय र यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री राम
बहादुर के.सी. को अध्यक्षतामा मिति २०७७/११/०४ गतेको बैठकको सिफारिस अनुसार
विषय परिवर्तन गरी शिक्षक छनौट प्रक्रिया सुरु भएकाले सो व्यहोरालाई अनुमोदन गर्ने निर्णय
गरियो ।

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ मा व्यापक छलफल गर्दा दुई जना नगरशिक्षा समितिका
सदस्यहरुको काम सन्तोषजनक नरहेको र बैठकमा नियमित उपस्थित नहुने भएकोले नगरशिक्षा
समितिबाट हटाउने निर्णय गरियो ।

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ मा व्यापक छलफल गर्दा संस्थागत विद्यालयहरुले IEMIS Data
Entry नगरेको, बझाउनुपर्ने व्यवसाय कर नतिरेको, वार्षिक परीक्षा शुल्क नगरपालिकाको आन्तरिक
राजश्व खातामा दाखिला नगरेको, नगरपालिकाले सञ्चालन गर्ने वार्षिक परीक्षामा सामेल हुने
नगरेको, मागेको विवरण पेश गर्ने नगरेकोले सो सम्बन्धमा सम्बन्धित संस्थागत विद्यालयहरुलाई
सचेत गराई उल्लेखित विवरण ७ दिनभित्र नगर शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्न
निर्देशन गर्ने र निर्देशन अनुसार विवरण पेश नगरेमा कानून बमोजिम कार्वाहीको प्रक्रिया अगाडि
बढाउने निर्णय गरियो ।